जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २३६ २०७८ साल वैशाख १० गते शुक्रबार (23 Apr. 2021 Friday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : नक्कली पिसिआर प्रकरण : दुई ... ३ पृष्ठमा : धरहरामा ३३० किलोको.. ३ पृष्ठमा : भारतमा एक दिनमा ...

## एक कर्मचारी संक्रमित भएसँगै सप्तरीमा संक्रमितको संख्या ७ पुग्यो

**दैनिक समाचारदाता**
**राजविराज, ९ बैशाख ।**

सप्तरीको एक स्थानिय तहका कर्मचारीमा कोरोना संक्रमण पुष्टी भएको छ । यो संगै जिल्लामा एक महिना यता कोरोना संक्रमितको संख्या सात पुगेको छ ।

राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पतालमा गरिएको पिसिआर परिक्षणको विहीवार प्राप्त रिर्पोटले जिल्लाको तिलाठी कोईलाडी गाउँपालिकाका एक २६ वर्षिय पुरुष कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएको हो । उनी केही दिन अघि मात्र काम विषेशले भारत गई फर्केका थिए ।

स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई उनी घरमै आइशोलेशनमा बसेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिए ।

यसअघि जिल्लाको रुपनी गाउँपालिकाकी एक महिला कर्मचारी पनि संक्रमित भएकी छिन् । उनी पनि होम आइशोलेशनमा छिन् । स्वास्थ्य मापदण्डको पालना गर्दै सबै संक्रमित अहिले होम आईशोलेशनमै बसेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख यादवले बताए ।

यता सेवाग्राहिको चाप रहने सरकारी तथा स्थानीय तहका कर्मचारीमा संक्रमण देखिन थालेपछि सेवाग्राही र कर्मचारी दुबैमा त्रास बढेको छ ।

## फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ९ बैशाख ।**

एक फरार प्रतिवादी २६ वर्षपछि पक्राउ परेका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

## कोरोना संक्रमित एक महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**पर्सा, ९ वैशाख ।**

वीरगञ्जको नारायणी अस्पतालमा उपचाररत एक कोरोना सङ्क्रमित महिलाको बिहीबार बिहान उपचारका क्रममा मृत्यु भएको छ ।

वीरगञ्ज महानगरपालिका १६ नगवा निवासी ६१ वर्षीया महिलाको उपचारका क्रममा मृत्यु भएको हो ।

यसैसँगै कोरोना सङ्क्रमणकै कारण पर्सामा मृत्यु हुनेको संख्या ५९ पुगेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

श्वासप्रश्वासमा समस्या, कडा निमोनिया तथा उच्च ज्वरो भएकी महिलालाई यही वैशाख ५ गते अस्पताल भर्ना गराइएकामा उपचारकै क्रममा भएको नारायणी अस्पतालका कोभिड कोअर्डिनेटर डा सरोजरोशन दासले जानकारी दिएका छन् ।

वैशाख ३ गते नै सङ्क्रमण पुष्टि भएर महिलालाई होम क्यारेन्टिनमा राखिएको भए पनि स्वास्थ्यावस्था बिग्रिँदै गएपछि अस्पतालको सघन उपचार कक्षमा भर्ना गरी उपचार हुँदै आएको उनले बताए ।

पछिलो एक साताभित्र कोरोना सङ्क्रमणकै कारण जिल्लामा ६ सङ्क्रमितको उपचारका क्रममा मृत्यु भएको बताइएको छ ।

## हतियारसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ९ वैशाख ।**

सिरहाको सखुवानन्कारकट्टीबाट प्रहरीले कटुवा पेस्तोलसहित एक जनालाई पक्राउ गरेको छ ।

एक थान कटुवा पेस्तोल र सोको एक राउण्ड गोलीसहित जिल्लाको सखुवानानकारकट्टी गाउँपालिका ३ परियारपुर निवासी ५५ वर्षीय बालेश्वर यादवलाई प्रहरीले पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय महेशवारी र इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरीले घरमा तलासी लिँदा झोलामा लुकाइराखेको अवस्थामा उक्त पेस्तोल र गोली बरामद भएको जनाएको छ ।

## कार र विङ्गर ठोक्किँदा आधा दर्जन यात्रु घाइते

**दैनिक समाचारदाता**
**सिरहा, ९ वैशाख ।**

सिरहाको गोलबजार नगरपालिका ७ पुरानो चोहर्वामा कार र विङ्गर आपसमा ठोक्किँदा आधा दर्जन यात्रु घाइते भएका छन् ।

पूर्वबाट पश्चिमतर्फ गइरहेको ना.१ज. ८८८५ नं. को टाटा विङ्गर र विपरीत दिशाबाट आइरहेको प्रदेश ३-०१-०२२च.२५३६ नंको कार आपसमा ठोक्किँदा कारमा सवार दुई र विङ्गरमा सवार पाँच यात्रु घाइते भएको प्रहरीले जनाएको छ ।

घाइतेमध्ये नौ वर्षीय एक बालकको अवस्था गम्भीर रहेको इलाका प्रहरी कार्यालय गोलबजारले जनाएको छ । घाइतेको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको छ ।

## आगलागीमा १५ लाखको क्षति, एक महिला घाइते

**दैनिक समाचारदाता**
**सिरहा, ९ वैशाख ।**

सिरहाको मिर्चैया नगरपालिका ६ जीवामा विद्युत् सर्ट भएर आगलागी हुदाँ १५ लाख

*बाँकी अन्तिम पृष्ठमा*







## सम्पादकीय

# कोरोनालाई हलुका रुपमा नलिऔं, गम्भिरता बुझौं

कोरोना महामारीको दोश्रो चरण सुरु भइसकेको अवस्थामा सप्तरीमा त्यसको रोकथाम तथा सतर्कता भने शुन्य अवस्थामा रहेको छ । जिल्लामा महामारी नियन्त्रण सम्बन्धी कुनै तयारी समेत देखिएको छैन् भने मानिसहरुले महामारीप्रति हेलचक्राई गरिरहेका छन् । बजारमा हिडडुल गर्नेहरु मास्कको प्रयोग गरेको देखिदैनन् भने सामाजिक दुरी समेत कायम नगरि किनमेल तथा अन्य कार्य गरिरहेका छन् ।

छिमेकी मुलुक भारतमा भने दिनहुँ कोरोनाका कारण संक्रमित हुनेको संख्या हजारौंमा बढीरहेको छ । तराई मधेशका अधिकांश जिल्ला भारतको सीमानासँगै टासिएको छ । जसकारण मानिसहरुको सीमा ओहोर दोहोर दैनिकी रुपमा हुने गरेको छ । नेपालमा भने बिस्तारै संक्रमितहरु बढ्दै गएको अवस्था छ । तर, पनि मानिसहरु गम्भिर र सचेत हुन सकिरहेका छैनन् । सरकारी स्तरबाट महामारीबाट बच्न र बचाउन दैनिकी रुपमा अपील गरिरहँदा पनि त्यसको असर भने मानिसहरुमा परेको देखिदैन् । महामारी तिब्र रुपमा फैलिरहेको अवस्थामा विद्यालयहरु भने अहिले पनि खोलिएका छन् । बालबालिकाहरुको स्वास्थ्यको ख्याल नगरेर खुलिरहेका विद्यालय संचालकहरु मनोमानी गर्दा पनि स्थानिय प्रशासन मुकदर्शन बनेको छ ।

स्वास्थ्य मापदण्ड अपनाएर मात्र कोरोनाबाट बच्न सकिन्छ भन्ने मानिसहरु बिर्सदा भविष्यमा त्यसबाट हुन सक्ने असरप्रति सबै गम्भिर हुनपर्दछ । तसर्थ कोरोनालाई हलुका रुपमा नलिएर त्यसको गम्भिरता बारे बुझ्नुले नै भलो हुन्छ भन्ने कुरा सबैले मनन् गर्नु अति आवश्यक छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# नक्कली पिसिआर प्रकरण : दुई घण्टामै घर-होटलमा रिपोर्ट पुर्‍याउथे

काठमाडौं, ९ वैशाख (रासस) ।

"कोरोना परीक्षणको पिसिआर रिपोर्ट घण्टाघण्टामा बन्न कसरी सम्भव छ, सक्कली हो कि नक्कली हो हेर्नुपर्‍यो", यही वाक्य बोल्दै महानगरीय अपराध महाशाखामा एक व्यक्ति आइपुगे । उक्त शङ्कास्पद कुरा सुनेपछि महाशाखाको ध्यानाकर्षित भयो । प्रहरीले तत्कालै विशेष टोली तयार पारेर अनुसन्धानमा खटायो । खटाएको एक हप्ताको अपरेशनमा कैफियत फेला परेपछि मङ्गलबार प्रहरीले काठमाडौँको सिनामङ्गलबाट आठ जनालाई पक्राउ गर्‍यो । उक्त नक्कली धन्दामा सुरिया हेल्थकेयर प्रालीर मेरिट मल्टिकेयर मेडिकल सेन्टर संलग्न रहेको पाइएको छ ।

"उनीहरूले होटल, घरमा पिसिआर रिपोर्ट डेलिभरि गर्ने गरेका रहेछन्, छिटो बनाउन बार्गेनिङ गर्ने, छिटो बनाइदिन आग्रह पनि गर्ने रहेछन्", महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक चन्द्रकुबेर खापुङले राससससँग भन्नुभयो, "त्यसपछि डेढ/दुई घण्टामा रिपोर्ट बोकेर घरमै पुग्दा रहेछन् ।"

स्वाब सङ्कलन गरेर रिपोर्ट तयार पार्न सामान्य प्रक्रिया गर्दा पनि केही घण्टा लाग्छ । यती छिट्टै रिपोर्ट बनाएर घरमै पुर्‍याउने भएपछि शङ्का लागेर अनुसन्धान शुरु गरेको खापुङले बताउनुभयो । एक हप्ताको अनुसन्धानले उनीहरूको गतिविधि पुष्टि भयो । उनीहरू पक्राउ परेका हुन् र मुख्य गरी उनीहरूले हवाई यातायात प्रयोग गर्नेलाई केन्द्रित गर्ने गरेको पाइएको छ ।

वैदेशिक रोजगारमा जानेलाई यसरी बढी नक्कली रिपोर्ट बनाइएको फेला परेको छ । बुधबार मात्रै प्रहरीले त्यस्ता नक्कली रिपोर्ट बोकेर विदेश जान लाग्ने १७२ यात्रुलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट पक्राउ पनि गरिसकेको छ ।

प्रहरीका अनुसार स्वाब सङ्कलन गर्ने एउटा समूह छुट्टै दलालका रुपमा प्रयोग भएको पाइएको छ । "कतिपयको स्वाब नै नलिइ बनाइदिने र कतिपय नेगेटिभ आएका मान्छेको स्वाब लगेर रिपोर्ट तयार पार्दा रहेछन्", एसएसपी खापुङले थप्नुभयो, "स्वाब नै अर्कै मान्छेको हालिदिने ।" प्रहरीका अनुसार उनीहरूले लामो समयदेखि उक्त नक्कली धन्दा गरेको हुनसक्ने आशङ्कामा अनुसन्धान जारी राखिएको छ ।

यसरी पक्राउ परे विदेश जान ठिक्क परेका १७२ यात्रु विशेष सुराकीका आधारमा गएको प्रहरीले नक्कली पिसिआर रिपोर्ट बनाउँदै गर्दा काठमाडौँको सिनामङ्गलमा रहेको सुरिया हेल्थकेयर प्रालीका सञ्चालक डा सिपी श्रीकुमार र मेरिट मल्टिकेयर मेडिकल सेन्टर प्रालीका सञ्चालक प्रकाश रायमाझी भन्ने चित्रबहादुर रायमाझीसहितका समूह फेला पारेपछि प्रहरी अझै सक्रिय भएर खोजीमा लागेको थियो ।

उनीहरूमाथिको अनुसन्धानबाट आएको विवरणका आधारमा बुधबार विमानस्थलमा आपसी समन्वयमा प्रहरीले खोजी अभियान चलाउँदा १७३ जना त्यस्तै नक्कली रिपोर्ट बोक्ने फेला परे । उनीहरू विभिन्न देश जान लागेका यात्रु हुन् ।

प्रहरी प्रवक्ता वसन्तबहादुर कुँवरले १२२ जनालाई भित्र बोर्डिङ पास लिएर जाँदै गर्दा पक्राउ गरिएको र थप ५० जनालाई विमानस्थल जाँदै गर्दा पक्राउ गरिएको जानकारी दिनुभयो । पक्राउ परेकामा ६८ भारतीय, दुई पाकिस्तानी र १०६ नेपाली छन् । सलाम एयर, जजिरा एयर र एयर अरेबियाबाट उनीहरू विभिन्न मुलुक जाँदै थिए । ती समूहले रु नौ हजार पैसा लिएर पिसिआरको प्रमाणपत्र बनाइदिएको फेला प्रहरीको अनुसन्धानमा खुलेको छ । अधिकांश वैदेशिक रोजगारमा जाने रहेका पाइएकाले पनि अनुसन्धानका लागि विमानस्थल पहिलो प्राथमिकतामा परेको थियो । पक्राउपर्ने सबै त्यही हेल्थकेयरको रिपोर्ट बोकेर पुगेका बताइएको छ ।

प्रहरीले मङ्गलबार सिनामङ्गलमा रहेको सुरिया हेल्थकेयर प्रालीबाट जारी भएका स्वाब सङ्कलन तथा परीक्षण नै नगरी पिसिआर टेष्ट नेगेटिभ भनी उल्लेख भएका चार थान रिपोर्ट फेला पारेको थियो । त्यसपछि नक्कली धन्दा बाहिर आएको हो ।

यसअघि पनि पटकपटक यस्तो सुनिएको र केहीलाई प्रहरीले पक्राउ गरेको भए पनि यती धेरैमात्रामा गिरोह सक्रिय छन् भन्ने कुरा भने बल्ल मात्रै बाहिर आएको प्रहरीले जनाएको छ । उक्त समूहले यसअघि पनि धेरैलाई यसैगरी नक्कली काम गरेर पैसा असुलेको प्रहरीको आशङ्का छ ।

नक्कली धन्दामा सहभागी भएका झापा गौरादह घर भई हाल पेप्सीकोला बस्ने वर्ष ४५ का प्रकाश रायमाझी भन्ने चित्रबहादुर रायमाझी, सप्तरीका प्रमोदकुमार यादव, महोत्तरी गौशालाका प्रदीपकुमार गिरी, महोत्तरीकै अमनकुमार यादव, मोरङको विराटनगरका वजेश पोखेल, महोत्तरीका बादल मिरिङ थिङ, दोलखा वैतेश्वरी घर भइ चाबहिल बस्ने वर्ष २२ का सरोज क्षेत्री, सप्तरी मध्यपुराका डा खेलानन्दप्रसाद सिंहलाई पक्राउ गरी अनुसन्धान जारी रखिएको छ ।

प्रहरीले रिपोर्ट बनाउन प्रयोग हुने कम्प्युटरलगायतका उपकरणसमेत नियन्त्रणमा लिएको छ । थप अनुसन्धान कार्यका लागि राष्ट्रिय जन स्वास्थ्य प्रयोगशाला टेकुका प्रतिनिधिको रोहबारमा सुरिया हेल्थकेयर प्रालिको सेवा हाललाई बन्द गराइएको छ ।

# विषम परिस्थितिमा थप सक्रिय हुन प्रहरीलाई निर्देशन

काठमाडौं, ९ वैशाख (रासस) ।

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले प्रहरी सङ्गठनमा एउटा प्रणालीको विकास गर्न खोजिरहेको र नेपाल प्रहरीले लागू गरेको कार्ययोजनाअनुरुप प्राप्त जिम्मेवारीप्रति थप सक्रिय भई कार्यसम्पादन गर्नुपर्ने बताउनुभएको छ ।

कार्यसम्पादन सम्झौताअनुरुप फरार अभियुक्त पक्राउ, हातहतियार बरामद, राजश्व सङ्कलनमा वृद्धिलगायतका गतिविधिमा राम्रो सफलता हासिल गरेको जानकारी दिँदै उहाँले जघन्य अपराध, अवैध लागूऔषधजस्ता आपराधिक गतिविधि न्यूनीकरण गर्न प्रहरी कर्मचारी थप चनाखो हुनुपर्नेमा जोड दिनुभयो ।

काठमाडौँमा बुधबार आयोजित नेपाल प्रहरीको चैतको मासिक प्रगति समीक्षा कार्यक्रममा उहाँले प्रहरी कोभिड-१९ को विषम परिस्थितिप्रति संवेदनशील हुन र नियन्त्रणका उपाय तथा मापदण्डलाई गम्भीरतापूर्वक लिई स्थानीयस्तरमा सङ्क्रमण फैलिनबाट रोक्ने कार्यमा सक्रिय हुन निर्देशनसमेत दिनुभयो । सो क्रममा नेपाल प्रहरीको कार्ययोजना २०७७, कार्य सम्पादन सम्झौता तथा प्रहरी हवल्दार/प्रहरी जवान लक्षित उत्प्रेरणा अभिवृद्धि योजनाका बारेमा समेत समीक्षा गरिएको थियो ।

कार्यक्रममा सातवटै प्रदेश प्रहरी कार्यालयका प्रमुखले भर्चुअलरुपमा तथा महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रतिनिधिले कार्यक्रममा उपस्थित भई आआफ्नो कार्यालयबाट गत चैतमा सम्पन्न भएका कार्यसम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो ।

प्रस्तुतीकरणमा शान्तिसुरक्षाको प्रभावकारी व्यवस्थापन र सुधार, प्रभावकारी अपराध अनुसन्धान तथा प्रविधियुक्त अनुसन्धान प्रणाली विकास, ट्राफिक व्यवस्थापन सुधार, आर्थिक अनुशासन र पारदर्शिता, गुनासो व्यवस्थापन, भौतिक पूर्वाधार र स्रोत साधनको व्यवस्थापनका विषयमा समीक्षा गरिएको थियो ।

यस्तै मानव स्रोतको व्यवस्थापन प्रणाली विकास, नागरिक केन्द्रित प्रहरी सेवा प्रवाहमा सुदृढीकरण, मानव अधिकार संरक्षण र सम्वर्द्धन, सुरक्षा निकाय तथा अन्य निकायसँगको समन्वय र सहकार्यको प्रभावकारिता, विपद् व्यवस्थापन क्षमता अभिवृद्धि, नवीनतम् कार्यको शुरुआत तथा कार्यान्वयन र अन्य उल्लेखनीय प्रयास तथा उपलब्धिबारे विवरण प्रस्तुत गरिएको थियो ।

# स्वास्थ्य परीक्षण प्रतिवेदन अस्वीकार हुँदा विदेश हिँडेका १२२ यात्री विमानबाट ओरालिए

काठमाडौं, ९ वैशाख (रासस) ।

कोभिड-१९ सङ्क्रमण नभएको स्वास्थ्य परीक्षण प्रतिवेदनलाई मान्यता नदिइँदा १२२ यात्री बुधबार विमानबाट ओरालिएका छन् । सुरिया हेल्थ केयर प्रालि र मेरिट मल्टिकेयर मेडिकल सेन्टरले जारी गरेका पोलिमर्से चेन रियाक्सन (पिसिआर) रिपोर्ट नक्कली भएको आशङ्का उनीहरूलाई यात्रा अनुमति नदिइएको हो ।

सिनामङ्गस्थित सुरिया हेल्थ केयर र मेरिट मल्टिकेयर सेन्टरले स्वाब परीक्षण नै नगरी प्रतिव्यक्ति रु नौ हजारमा नक्कली रिपोर्ट जारी गरेको अभियोगमा मङ्गलबार दुवै संस्थाका आठजना कर्मचारी पक्राउ परेपछि सम्बन्धित विमान कम्पनी र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका सुरक्षा अधिकारीले उनीहरूलाई विमानबाट झारेका हुन् ।

एयर अरेबियाको उडानबाट सारजाँ जान लागेका ५४ जना, सलाम एयरमा चढेर ओमान हिँडेका ३२ र जजिरा एयरको उडानमा कुवेत गन्तव्य बनाएका ३६ जनालाई विमानबाट उतारिएको नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता राजकुमार क्षेत्रीले राससलाई बताउनुभयो । बुधबार यात्रा गर्न नपाएका ती यात्रीलाई सम्बन्धित विमान कम्पनीले यात्राको पुनः व्यवस्था गर्ने नगर्ने बारेमा उनीहरूबाट कुनै निर्णय नभएको उहाँले जानकारी दिनुभयो ।

बुधबारै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट थप ५० जनालाई फर्काइएको विमानस्थल सुरक्षा प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक राजेशनाथ बाँस्तोलाले बताउनुभयो । विमानबाट उतारिएका र विमानस्थलबाट प्रस्थान गर्न नपाएकामध्ये ६८ भारतीय नागरिक छन् । सुरिया हेल्थ केयर र मेरिट मल्टिकेयर सेन्टरले जारी गरेका स्वास्थ्य प्रतिवेदन यात्रीसँग भएकाले उनीहरूलाई अनुमति नदिइएको उहाँले जानकारी दिनुभयो ।

# धरहरामा ३३० किलोको गजुर राखियो

काठमाडौँ, ९ वैशाख (रासस)।

पुनःनिर्माण सम्पन्न भएको ऐतिहासिक धरहरामा बुधबार गजुर राखिएको छ। नेपाली सेनाले विगुल फुकी, मंगल धुन र स्वस्तीक वाचनसहित बिहान ८:०० बजेको शुभ साइतमा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका कार्यकारी अधिकृत सुशील ज्ञवालीसहितको सहभागितामा गजुर राखिएको हो।

उक्त गजुर ३३० किलोको हो। गजुर तामाबाट बनेको छ भने बाहिरी आवरण सुनले लेपन गरिएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका सम्पदा विज्ञ राजुमान मानन्धरले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "धरहराको टुप्पामा ३३० किलोको सुनको जलप लगाएको गजुर राखिएको छ, त्यसमा ९५ तोला तीन लाल सुन छ।" उहाका अनुसार टुप्पामा गजुर राख्नुअघि २१ तलामा प्राधिकरणका कार्यकारी अधिकृत सुशील ज्ञवालीले शिवलिङ्ग प्रस्तिथापन गरी र नयाँ गजुरको पूजा गर्नुभएको थियो।

अहिले ऐतिहासिक धरहरा टावरको पुनःनिर्माण कार्य पूरा भएसँगै रङ्ग लगाउने काम भइरहेको छ। यही वैशाख ११ गते उद्घाटन गर्ने तयरीस्वरुप अहिले रङ्ग लगाइएको हो। वैशाख ११ गते ११:०० बजे प्रधानमन्त्री केपी शर्मा ओलीबाट उद्घाटन गर्ने तयारी छ। भूकम्पले भत्काएको संरचना पुनःनिर्माण भए पनि अन्य केही संरचना निर्माणको काम सम्पन्न नभएकाले तत्काल सर्वसाधारणका लागि खुला हुने छैन। त्यसका लागि आगामी मङ्सिरसम्मको समय कुर्नुपर्नेछ।

विसं २०७२ को विनाशकारी भूकम्पबाट धरहरालगायत ऐतिहासिक सम्पदा ध्वस्त भएका थिए। भूकम्प गएको तीन वर्षपछि मात्रै यस सम्पदाको पुनःनिर्माणको कामले गति लिएको हो। गोरखा भूकम्पले ढलेको धरहरा पुनःनिर्माणको प्रधानमन्त्री ओलीले नै विधिवत्रुपमा २०७५ पुस १२ गते उद्घाटन गर्नुभएको हो।

# औद्योगिक क्षेत्रमा ४८ प्रतिशत वैदेशिक लगानी

काठमाडौँ, ९ वैशाख (रासस)।

नेपालमा आएको प्रत्यक्ष वैदेशिक लगानीमध्ये ५१ दशमलव एक प्रतिशत सेवा क्षेत्रमा र ४८ दशमलव आठ प्रतिशत औद्योगिक क्षेत्रमा लगानी रहेको देखिन्छ।

नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको 'प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७५/७६' अनुसार सेवा क्षेत्रअन्तर्गत कूल प्रत्यक्ष वैदेशिक लगानीमध्ये २७ दशमलव चार प्रतिशत बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीमा रहेको छ। त्यसैगरी औद्योगिक क्षेत्रअन्तर्गत उत्पादन क्षेत्रमा २८ दशमलव छ प्रतिशत र जलविद्युत् क्षेत्रमा २० प्रतिशत वैदेशिक लगानी छ।

प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गरी लगानीको क्षेत्रगत अवस्था एवं प्रवृत्ति विश्लेषणका आधारमा आवश्यक नीति निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले बैंकले यस्तो सर्वेक्षण प्रतिवेदन प्रकाशन गर्दै आएको छ। आर्थिक वर्ष २०७५/७६ मा नेपालमा प्रत्यक्ष वैदेशिक लगानीमा सञ्चालित कम्पनीमध्ये कूल १५३ कम्पनीको नमूना छनोट गरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क विश्लेषणका आधारमा प्रतिवेदन तयार पारिएको बैंकले जनाएको छ।

सर्वेक्षणबाट प्राप्त नतिजाअनुसार नेपालमा आव २०७५/७६ को अन्त्यसम्ममा कूल प्रत्यक्ष वैदेशिक लगानी आठ दशमलव आठ प्रतिशतले कमी आई रु १८२ अर्ब ९२ करोड कायम रहेको छ। कूल वैदेशिक लगानीमध्ये चुक्ता पूँजीको अंश ४८ दशमलव दुई प्रतिशत, रिजर्भ ४२ दशमलव आठ प्रतिशत र कर्जाको अंश नौ प्रतिशत रहेको छ। रिजर्भको अंश २७ प्रतिशतले घटेकाले कूल प्रत्यक्ष वैदेशिक लगानीमा कमी आएको हो।

यसैगरी २०७६ असार मसान्तसम्ममा नेपालमा ५३ देशको प्रत्यक्ष वैदेशिक लगानी छ। त्यसमध्ये भारतबाट सबैभन्दा बढी रु ५६ अर्ब पाँच करोड र त्यसपछि क्रमशः चीनबाट रु २७ अर्ब ५६ करोड, सेन्ट किष्टस एण्ड नेभिसबाट रु २४ अर्ब ९४ करोड, आयरल्याण्डबाट रु ११ अर्ब ५९ करोड र सिङ्गापुरबाट रु आठ अर्ब ७३ करोड प्रत्यक्ष वैदेशिक लगानी रहेको प्रतिवेदनमा उल्लेख छ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# विश्व समाचार

## भारतमा एक दिनमा तीन लाखभन्दा बढी कोरोना भाइरस सङ्क्रमित

नयाँ दिल्ली, ९ वैशाख (रासस/सिन्ह्वा)।

भारतमा बुधबार एकै दिनमा कोभिड-१९ को सङ्क्रमित संख्या तीन लाख १४ हजार ८३५ जना थपिएपछि कुल सङ्क्रमितको संख्या एक करोड ५९ लाख ३० हजारभन्दा बढी भएको छ। सोही अवधीमा भारतमा कोरोनाबाट दुई हजार १०४ जनाको मृत्यु भएको छ। योसँगै भारतमा कोरोनाबाट मृत्यु हुने व्यक्तिको संख्या एक लाख ८४ हजार ६५७ जना पुगेको छ।

भारतमा कोरोना भाइरस सङ्क्रमण शुरु भएयता एकै दिनमा तीन लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका यो पहिलो पटक हो। कोरोना माहामारी शुरु भएयता विश्वमा भएका सङ्क्रमणको तुलनामा यो ठूलो संख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ। यद्यपी संयुक्त राज्यमा अमेरिका गत जनवरीमा एकै दिनमा तीन लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए।

भारतमा बुधबारुसम्म सक्रिय सङ्क्रमितको संख्या २२ लाख ९१ हजार ४२८ रहेको छ। यहाँ हालसमम एक करोड ३४ लाख ५४ हजार ८८० व्यक्ति कोरोना मुक्त भएका छन्। भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १३ करोड २३ लाख ३० हजारभन्दा बढी व्यक्तिले खोपलगाएका छन्। कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ।

भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सीन र स्पुट्नीक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन्। रुसले विकास गरेको स्पुट्नीक भी भने यही अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन्। भारतमा बुधबार मात्रै १६ लाख ३९ हजार ३५७ जनाको कोरोना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ। अप्रिल २१ सम्म कूल २७ करोड २० लाखभन्दा बढीले कोरोना परीक्षण गरिसकेको पनि परिषद्ले उल्लेख गरेको छ।

भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यको रुपमा रहेको छ। दिल्लीमा मङ्गलबार एकै दिनमा २८ हजार ३९५ जना कोरोना भाइरस सङ्क्रमित भएका २७७ जनाको मृत्यु भएको छ। भारतको दिल्लीमा कोरोना शुरु भएपछि हालसम्म कोरोना सङ्क्रमणबाट १२ हजार ६३८ जनाको मृत्यु भइसकेको छ।

## पाकिस्तानको एउटा होटलमा बम विस्फोट, कम्तीमा चारको मृत्यु

इस्लामाबाद, ९ वैशाख (रासस/सिन्ह्वा)।

पाकिस्तानी क्वेटा शहरस्थिति एउटा होटलमा बुधबार राति भएको बम विस्फोट परी कम्तीमा चारजना मारिएका छन् भने अन्य एक दर्जन घाइते भएका देशका गृहमन्त्री शेख रशीद अहमदले बताउनु भएको छ। संवाददाताका अनुसार होटेल सेरेनाको कार पार्किङ गर्ने इलाकामा उक्त आक्रमण भएको थियो। पाकिस्तानस्थित चिनियाँ राजदूतलक्षित गरी सो आक्रमण गरिएको आशङ्का गरिएको छ।

चिनियाँ राजदूत अफगानिस्तानको सिमानानजिक रहेको बलुचिस्तान प्रान्तको राजधानी क्वेटाको सेरेना होटलमा बस्नु भएको थियो। विस्फोटका बेला उहाँ घटना क्षेत्रमा नरहनु भएको बताइएको छ। पाकिस्तानको क्वेटा शहरमा अवस्थित होटल सेरेना उच्च अधिकारीको रोजाइमा रहेको होटलको रुपमा रहेको बताइएको छ।

पाकिस्तानी तालिबान लडाकूँ समूह यस आक्रमणको जिम्मेवारी लिएका छन्। उक्त समूह र अन्य लडाकू सङ्गठनले पछिल्ला महिनामा अफगानिस्तानसँगको सिमाना नजिकका आदिवासी क्षेत्रमा आक्रमण बढाएका छन्। बलुचिस्तान लामो समयदेखि पृथकतावादी विद्रोह चलिरहेको प्रान्त हो। लडाकूले पाकिस्तानबाट स्वतन्त्र गराउन चाहन्छन्। त्यस क्षेत्रमा भइरहेका प्रमुख चिनियाँ पूर्वाधार परियोजनाको विरोध गर्दै आएका छन्।

## ब्राजिलमा कोभिडबाट २४ घन्टामा तीन हजार ४७२ को मृत्यु

रियो डे जेनेरियो, ९ वैशाख (रासस/सिन्ह्वा)।

ब्राजिलमा गएको २४ घण्टा यता कोभिड-१९ को सङ्क्रमणबाट यहाँका तीन हजारभन्दा बढी नागरिकको मृत्यु भएको छ। यहाँको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार कोभिड-१९ को सङ्क्रमणमा परेका यहाँका तीन हजार ४७२ जनाको एकै दिनमा यसैका कारण ज्यान गएको हो।

यो सँगै ब्राजिलमा कोभिडको प्रकोपबाट मृत्यु हुने व्यक्तिको संख्या तीन लाख ८१ हजार ४७७ जना पुगेको पनि सो मन्त्रालयले दिएको समाचारमा जनाइएको छ। त्यसैगरी सोही अवधीमा थप करिब ८० हजार जनामा कोरोना भाइरस सङ्क्रमण देखिएको पनि मन्त्रालयले जनाएको छ। कोरोना भाइरसको सङ्क्रमण शुरु भएबाट ब्राजिलमा हालसम्म एक करोड ४१ लाख २२ हजार जनाभन्दा बढीमा सो सङ्क्रमण भएको बताइएको छ। हाल ब्राजिलको स्वास्थ्य प्रणालीले कोभिड-१९ को भयानक तनाव खेप्नु परेको समाचारमा जनाइएको छ। यस तनावका कारण यहाँका नागरिकमा जन स्वास्थ्यसम्बन्धी सुविधा पुऱ्याउन नै समस्या भएको बताइएको छ। स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो समय ब्राजिलमा कोरोना भाइरसको नयाँ प्रजातिको भाइरसका साथै नयाँ नयाँ वेभ आइरहेका छन्। अस्पतालले बिरामीको चाप थेग्न नसकेपछि उपचारमा समस्या भएको जनाएका छन्।

यस देशमा कोरोना भाइरसबाट सबैभन्दा बढी प्रभावित राज्यका रुपमा साओ पाओलो रहेको छ। साओ पाओलोमा मात्र ९० हजारभन्दा पनि बढी नागरिकको ज्यान गएको छ। त्यसैगरी सो राज्यमा करिब २८ लाख नागरिक कारोना भाइरसबाट सङ्क्रमित भएका छन्। यहाँका नागरिकले कोरोनाका विरुद्धको खोप पनि लगाएका छन्। हाल अत्यधिकरुपमा फैलिएको भाइरसको प्रकोपलाई नियन्त्रण गर्नका लागि खोप मात्र पनि प्रभावकारी नदेखिएको बताइएको छ।

# नर्सिङहोममाथि कारवाही

लहान, ९ वैशाख (रासस)। म्याद गुज्रिएको औषधि र रसायन बरामद भएपछि सिरहाको लहान नगरपालिका-३ अस्पताल चोकस्थित कामना नर्सिङहोम प्रालिमाथि कारवाही अघि बढाइएको छ।

घरेलु तथा साना उद्योग कार्यालय लहान र खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको समन्वयमा गरिएको अनुगमनको क्रममा कामना नर्सिङहोममा म्याद गुज्रिएको औषधि र ल्याबको केमिकल बरामद् भएपछि कारवाही अघि बढाइएको हो। "अनुगमनका क्रममा म्याद गुज्रिएको औषधि र ल्याबका केमिकल फेला परेको छ", घरेलु तथा साना उद्योग कार्यालय लहानका प्रमुख दीपेन्द्रकुमार यादवले भन्नुभयो, "फार्मेसीमा म्याद गुज्रिएको औषधि र ल्याबमा म्याद गुज्रिएको केमिकल राखेर मानव स्वास्थ्यसँग खेलबाड गरेको पाइएकाले ती नर्सिङहोममाथि कारवाही अघि बढाइएको हो।"

अनुगमनका क्रममा नर्सिङहोम सञ्चालनका लागि सम्बन्धित निकायबाट अनुमतिपत्र लिएको नपाएपछि नर्सिङहोमका सञ्चालककलाई सम्पूर्ण कागजातसहित उपस्थित हुन पत्र काटिएको प्रमुख यादवले बताउनुभयो। बरामद म्याद गुज्रिएको औषधि र कमिकल नियन्त्रण लिई आवश्यक प्रक्रिया पुऱ्याएर नष्ट गरिने उहाँको भनाइ थियो। यस्तै बजार अनुगमनकै क्रममा लहान अस्पताल चोकस्थित सन्जु जेनरल स्टोर, ओम जेनरल स्टोर, पवन किराना पसल एण्ड जेनरल स्टोर, चाँदनी किराना पसललगायत एक दर्जन पसलबाट ठूलो परिमाणमा म्याद गुज्रिएको खाद्यान्न, पेय पदार्थ तथा खानेतेल नियन्त्रणमा लिई नष्ट गरेको छ।

त्यस्तै रिया, लक्ष्मी होटल तथा सिटी ट्रेडर्सबाट पेय पदार्थ तथा उपभोग गर्नुपर्ने समयावधि सकिएका बियर बरामद गरी नष्ट पारेको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयले जनाएका छ। पसलले खरिद गरेको थोक सामग्रीको बिल, बिक्री गर्न राखिएको मूल्यसूची, म्याद गुज्रिएका सामग्री, कोरोना सङ्क्रमणबाट बच्न अपनाइएको स्वास्थ्य सुरक्षा व्यवस्था साबुनपानी, स्यानिटाइजर, ग्लोभलगायत सामग्री केन्द्रित गरेर अनुगमन गरिएको रहेको प्रमुख सुरेश सिंहले बताउनुभयो।

पसल अनुगमनका क्रममा मूल्यसूची नराखेका पसलमा अबिलम्ब उपभोक्तालाई देखिने गरी मूल्यसूची राख्न, म्याद गुज्रिएका खाद्यवस्तुलाई नष्ट गरी उचित व्यवस्थापन गर्न पहिलोपटक चेतावनी दिएको उहाँले जानकारी दिनुभयो। अर्को पटक अनुगमन गर्दा यस्तो नगरेको पाइएमा थप कडा कारवाही गरिने उहाँको कथन थियो। सिरहाको लहान, धनगढी, गोलबजार, मिर्चैयालगायतका मुख्य शहरमा पनि बजार अनुगमन गरिने प्रमुख सिंहले बताउनुभयो।

# 'आदेश उल्लङ्घन गर्नेलाई कारवाही'

काठमाडौँ, ९ वैशाख (रासस)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ रोकथाम र नियन्त्रण गर्न जारी गरेको आदेश पालना गर्न अपिल गरेको छ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले दैनिक सङ्क्रमण बढिरहेकाले आदेश पालना गर्न आग्रह गर्नुभएको हो। उहाँका अनुसार पछिल्ला दिनमा सङ्क्रमणको गति तीव्ररूपमा बढेर १०० भन्दा कमबाट दुई हजारबाट गुणात्मकरुपमा उकालो लागेको छ। उहाँले सरकारले आदेश उल्लङ्घन गर्नेलाई कारवाही गर्नेसमेत बताउनुभयो।

सरकारको यही वैशाख ६ गते बसेको मन्त्रिपरिषद् बैठकले कोरोना भाइरस रोकथामा र नियन्त्रणका लागि सङ्क्रामक रोग ऐन २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी ३० बुँदे आदेश जारी गरेको थियो। "आदेशको उल्लङ्घन हुने गरी कुनै पनि शैक्षिक संस्था, सार्वजनिक निकाय, निजी निकायले सञ्चालन गर्ने गराउने धार्मिक, सांस्कृतिक कार्य गर्न गराउनेउपर अनुगमन बढाउन र नियमानुसार कारवाही गर्न गराउन सबैमा अपिल छ", उहाँले जारी गरिएको अपिलमा उल्लेख छ।

आदेशको उल्लङ्घन हुने गरी भएका गतिविधिका कारण सङ्क्रमण हुन गएमा सङ्क्रमितको परीक्षण, उपचार सम्बन्धित संस्था वा व्यक्तिले स्वयं आफैंले आफ्नो खर्च गर्नुपर्ने अपिलमा उल्लेख गरिएको छ।

सहप्रवक्ता डा अधिकारीले सरकारले जारी गरेको आदेशको उल्लङ्घन गरी सार्वजनिक निकाय तथा निजी संस्थास्थलमा सङ्क्रमण फैलिने खालका गतिविधि भइरहँदा अवस्था अझ खराब हुँदै जाने देखिने बताउनुभयो।

### फरार प्रतिवादी ...

कर्तव्य ज्यान मुद्दाका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ६ जोगिनीया वस्ने सोनेलाल मण्डल पक्राउ परेका हुन्।

उनलाई घर मै लुकी बसेको अवस्थामा इलाका प्रहरी कार्यालय हनुमानगरबाट खटेको टोलीले पक्राउ गरेको प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिएका छन्।

कर्तव्य ज्यान मुद्दामा २०५२ साल जेष्ठ ३० गते सप्तरी जिल्ला अदालतबाट २ वर्ष कैद सजाय तोकिएपछि उनी फरार रहेको प्रहरीले जनाएको छ।

विहीवार अदालतमा उपस्थित गराइएका मण्डललाई आदेशानुसार कैद सजाय भुक्तानका लागि राजविराज कारागार चलान गरीएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# पत्रकार अधिकारीको कोरोना भाइरस संक्रमणबाट मृत्यु

दाङ, ९ वैशाख (रासस)। दाङका पत्रकार दामोदर अधिकारीको कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु भएको छ।

घोराही उपमहा नगरपालिका-१७ बेलभार निवासी ४० वर्षीय पत्रकार अधिकारीको मङ्गलबार राति काठमाडौँमा उपचारका क्रममा मृत्यु भएको पारिवारिक स्रोतले जानकारी दिएको छ।

अधिकारीले चैत २५ गते नेपाल पत्रकार महासङ्घ दाङमा निर्वाचनमा मतदान गर्नुभएको थियो। चैत २६ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा पिसिआर परीक्षणका क्रममा उहाँलाई कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको थियो।

स्वास्थ्य अवस्था बिग्रँदै गएपछि वैशाख ३ गते अधिकारीलाई हेलिकप्टर चार्टर्ड गरी थप उपचारका लागि काठमाडौं लगिएको थियो। गोरक्ष राष्ट्रिय दैनिक दाङमा लामो समयदेखि कार्यरत अधिकारी पछिल्लो समयमा व्यवसायमा पनि संलग्न हुनुहुन्थ्यो। परिवारका एक्ला छोरा अधिकारीका श्रीमती, एक छोरा र छोरी छन्।

### आगलागीमा १५ ...

मूल्य बराबरको क्षति भएको छ भने एक महिला घाइते भएकी छन्।

आगलागीबाट स्थानीय सन्तु राउतको घर पूर्णरूपमा जलेर नष्ट भएको छ। घरमा रहेका भाँडाकुँडा, फर्निचर, खाद्यान्नलगायतका सबै सामान जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

आगो निभाउने क्रममा राउतकी ३५ वर्षीया श्रीमती प्रमिला राउत घाइते भएको बताइएको छ। उनको स्थानीय अस्पतालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ।

## सूचना

नोभल कोरोना भाईरस (कोभिड-१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिंगानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाँडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहि हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np